बोर्डबाट स्वीकृत मिति २०७७।७।२८

# चलचित्रको अन्तर्राष्ट्रिय प्रवर्द्धन गर्ने सम्बन्धी कार्यविधि, २०७७

देशको कला, साहित्य, भाषा, जातीय पहिचान र स्थानीय समुदायको संस्कृति, भेषभुषा, रहनसहन, परम्परा तथा प्राकृतिक सम्पदा, पुरातात्विक धरोहर आदिको प्रचार प्रसार, संरक्षण एवं संवर्द्धन गर्न तथा चलचित्रको माध्यमबाट अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार र प्रवर्द्धन गर्न नेपाललाई आकर्षक चलचित्र छायाङ्कन केन्द्रको रुपमा विकास गर्न सघाउ पुऱ्याउँदै स्वदेशी चलचित्रको अन्तर्राष्ट्रियस्तरमा विकास, विस्तार, प्रवर्द्धन र बजारीकरणका लागि गैरव्यवसायिक एवं व्यवसायिक प्रदर्शनमा प्रोत्साहन एवं सहयोग पुऱ्याउन वाञ्छनीय भएकोले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २६ ले दिएको अधिकार प्रयोग गरी बोर्डले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "**चलचित्रको अन्तर्राष्ट्रिय प्रवर्द्धन गर्ने सम्बन्धी कार्यविधि, २०७७**" रहेको छ ।

(२) यो कार्यविधि बोर्डबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले चलचित्र विकास बोर्डलाई सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) "चलचित्र" भन्नाले जुनसुकै प्रविधिमा बनेको चलायमान चित्र सम्झनु पर्छ ।

(ङ) "चलचित्रकर्मी" भन्नाले चलचित्र क्षेत्रमा कलात्मक, सिर्जनात्मक, बौद्धिक, सीपमूलक, शारिरीक श्रम तथा चलचित्र निर्माण, प्रदर्शन र वितरणमा संलग्न व्यक्तिलाई सम्झनु पर्छ ।

(च) "समिति " भन्नाले दफा ४ बमोजिमको समितिलाई सम्झनु पर्छ ।

(छ) "संयोजक" भन्नाले दफा ४ बमोजिम गठित समितिको संयोजक सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले दफा ४ बमोजिम गठित समितिको सदस्यलाई सम्झनु पर्छ ।

३. **उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :-

(क) स्वदेशी चलचित्रको अन्तर्राष्ट्रियस्तरमा गैरव्यावसायिक प्रदर्शन (अन्तर्राष्ट्रिय चलचित्र महोत्सव, अवार्ड कार्यक्रम आदि) लाई प्रोत्साहित गर्ने तथा त्यस्ता कार्यक्रमहरुमा चलचित्रकर्मीहरुको प्रतिनिधित्व एवं सहभागिताबाट अन्तर्राष्ट्रिय चलचित्र तथा चलचित्रकर्मीहरुसँग सात्क्षात्कार हुन र अनुभवहरु आदान प्रदानमा प्रोत्साहित गर्ने ।

(ख) चलचित्रको प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिस्तरमा व्यवसायिक प्रदर्शनमा सहयोग पुऱ्याउने ।

(ग) नेपाली चलचित्र प्रवर्द्धन अवैतनिक प्रतिनिधि (Neplese Film Promotion Honorary Representative-NFPHR) सम्बन्धी व्यवस्थाको कार्यान्वयनमा सहजीकरण एवं नियुक्त अवैतनिक प्रतिनिधिसँगको समन्वय र सहकार्यमा स्वदेशी चलचित्रको अन्तर्राष्ट्रिय प्रवर्द्धन गर्ने ।

(घ) स्वदेशी चलचित्रलाई विदेशस्थित नेपाली दूतावास तथा गैर आवासीय नेपाली संघसँग समन्वय गरी महोत्सव तथा व्यवसायिक प्रदर्शनको व्यवस्थापन गर्ने ।

(ङ) छायाङ्कनका लागि नेपाल (Filming in Nepal) कार्यक्रम सम्बन्धी प्रवर्द्धनात्मक कार्यहरुको कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

(च) स्वदेशी चलचित्रलाई अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरुमा सहभागिताका लागि प्रोत्साहन गर्ने ।

(छ) नेपाली चलचित्र क्षेत्रको प्रवर्द्धनका लागि विदेशी लगानी तथा सह-निर्माण आकर्षित गर्न पहल गर्ने ।

४. **समितिको गठन सम्बन्धी व्यवस्था:** (१) स्वदेशी चलचित्रको अन्तर्राष्ट्रिय प्रवर्द्धन तथा बजार विस्तारमा सहयोग पुऱ्याउन बोर्डले देहाय बमोजिमको समिति गठन गर्नेछ :-

(क) बोर्डले तोकेको बोर्डको सदस्य - संयोजक
(ख) प्रतिनिधि (अधिकृतस्तर), नेपाल पर्यटन बोर्ड - सदस्य
(ग) प्रतिनिधि (अधिकृत), परराष्ट्र मन्त्रालय - सदस्य
(घ) नेपालमा अन्तर्राष्ट्रिय चलचित्र निर्माण सम्बन्धी दक्षता हासिल गरेको र अन्तर्राष्ट्रिय चलचित्र महोत्सव, चलचित्रको अन्तर्राष्ट्रिय व्यापार तथा वितरण सम्बन्धी विज्ञता हासिल गरेका व्यक्तिहरुमध्येबाट यथासम्भव समावेशी सिद्धान्तका आधारमा ३ (तीन) जना - सदस्य
(ङ) बोर्डको सदस्य सचिव - सदस्य-सचिव

(२) समितिलाई सचिवालय तथा व्यवस्थापकिय कार्यमा सहयोग पुऱ्याउन बोर्डले एक जना अधिकृत कर्मचारीलाई सहयोगी अधिकृतको रुपमा तोक्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यहरूको पदावधि बढीमा २ (दुई) वर्षको हुनेछ। तर बोर्डका सदस्य संयोजक रहेको हकमा निजको पदावधि समाप्त भएपछि संयोजकको पदावधि स्वतः समाप्त हुनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डबाट नयाँ समिति गठन नभए सम्म साविक समिति कियाशिल रहनेछ।

(५) समितिका संयोजकको पद रिक्त रहेको अवस्थामा बोर्डका सदस्य-सचिवले समितिको अध्यक्षता एवं समितिको कार्य सञ्चालन गर्न सक्नेछ।

(६) समितिले आवश्यकतानुसार सम्बन्धित विषयका विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

५. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकतानुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक संयोजकको स्वीकृतिमा सदस्य-सचिवले बोलाउनुपर्नेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(५) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) बैठक सम्बन्धी अन्य कार्यविधि समितिको सिफारिसमा बोर्डद्वारा निर्धारण गरे बमोजिम हुनेछ।

(७) संयोजकको स्वीकृति बिना लगातार तीन पटकभन्दा बढी अनुपस्थिति हुने सदस्यलाई समितिबाट हटाउन आवश्यक ठानेमा समितिले बोर्डलाई सिफारिस गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ।

६. **बैठक भत्ताः-** समितिका पदाधिकारी, आमन्त्रित र सहयोगी अधिकृतले बैठकमा भाग लिए वापत बोर्डले तोके बमाजिमको बैठक भत्ता तथा सुविधा पाउनेछन्।

७. **पदबाट हटाउन सकिनेः-** (१) बोर्डले समितिको संयोजक तथा सदस्यलाई देहायको अवस्थामा जुनसुकै बखत पदबाट हटाउन सक्नेछः-

(क) समितिलाई पूर्व जानकारी नदिई लगातार तीन पटक सम्म बैठकमा अनुपस्थित रहेमा।
(ख) खराब आचरण भएमा,
(ग) इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेमा,
(घ) मानसिक सन्तुलन ठीक नभएमा वा,
(ङ) निजी स्वार्थका लागि पदीय हैसियत दुरुपयोग गरी लाभ हासिल गरेमा।

(२) उपदफा (१) बमोजिम संयोजक तथा सदस्यलाई हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ।

८. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वदेशी चलचित्रको अन्तर्राष्ट्रिय बजार विस्तार तथा व्यवस्थापन गर्ने कार्यमा सहयोग पुऱ्याउने कार्यक्रम तयार गरी बोर्डमा सिफारिश गर्ने ।

(ख) स्वदेशी चलचित्रको अन्तर्राष्ट्रियस्तरमा गैर व्यवसायिक प्रदर्शन (अन्तर्राष्ट्रिय चलचित्र महोत्सव तथा अवार्ड कार्यक्रम)मा सहभागिताका लागि आयोजकबाट माग भई आएमा चलचित्र तथा चलचित्रकर्मीहरुको छनौट गर्ने तथा दफा १० बमोजिम परेका आवेदनहरुमध्ये योग्य चलचित्र तथा चलचित्रकर्मीहरु छनौट गरी बोर्डमा सिफारिस गर्ने,

(ग) स्वदेशी चलचित्रलाई विदेशस्थित नेपाली दूतावास, गैर आवासीय नेपाली संघ, चलचित्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ, संस्था आदिसँग समन्वय गरी महोत्सव, छायाङ्कनस्थल प्रवर्द्धन सम्बन्धी कार्यक्रम तथा चलचित्रको व्यवसायिक प्रदर्शनको व्यवस्थापनमा सहयोग गर्ने ।

(घ) विदेशी मुलुकहरूमा स्वदेशी चलचित्रको अन्तर्राष्ट्रिय महोत्सव आयोजना गर्न आवश्यक अध्ययन अनुसन्धान गरी बोर्डमा सिफारिस गर्ने र त्यस्ता कार्यक्रम आयोजना गर्दा बोर्डलाई सहयोग पुऱ्याउने ।

(ङ) नेपाली चलचित्र प्रवर्द्धन अवैतनिक प्रतिनिधि (Nepalese Film Promotion Honorary Representative (NFPHR) को कार्यमा सहयोग पुऱ्याउने ।

(च) स्वदेशी चलचित्रको अन्तर्राष्ट्रिय प्रवर्द्धन तथा बजार विस्तारका लागि व्यवसायिक प्रदर्शनमा सहयोग पुऱ्याउने ।

(छ) छायाङ्कनका लागि नेपाल (Filming in Nepal) कार्यक्रम सम्बन्धी प्रवर्द्धनात्मक कार्यहरुको कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

(ज) नेपालमा विदेशी चलचित्र छायाङ्कनका लागि सहजीकरण गर्ने स्थानीय सहजकर्ता (Local Co-ordinator) हरुको रोष्टर तयार गरी बोर्डमा सिफारिस गर्ने ।

(झ) पर्यटकीय क्षेत्रमा छायाङ्कन गरेका वा चलचित्रका विषयवस्तुका कारण उक्त चलचित्रले प्रत्यक्षरुपमा नेपालको पर्यटन प्रवर्द्धनमा योगदान दिनसक्ने भएमा त्यस्ता चलचित्रलाई सुविधा प्रदान गर्नका लागि बोर्डमा सिफारिस गर्ने ।

(ञ) चलचित्र पर्यटनको विकास सम्बन्धी अवधारणालाई मूर्त रुप दिनको लागि चलचित्र मार्फत् नेपालको पर्यटकीय सम्भावनालाई अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार गर्ने कार्यमा सहयोग पुऱ्याउने ।

(ट) विदेशस्थित चलचित्र वितरण गर्ने संस्था वा कम्पनीहरुको रोष्टर तयार गरी बोर्डमा सिफारिस गर्ने र बोर्डबाट सूचीकृत भएका त्यस्ता वितरकहरुसँग आवश्यक समन्वय गरी नेपाली चलचित्रको बजार विस्तार एवं व्यवसायिक प्रदर्शनमा प्रोत्साहन एवं सहयोग पुऱ्याउने ।

(ठ) चलचित्र क्षेत्रको प्रवर्द्धनका लागि विदेशी लगानी आकर्षित गर्न पहल गर्ने । विदेशी चलचित्र निर्मातालाई Co-Production मार्फत् नेपालमा चलचित्र छायाङ्कन तथा लगानी गर्नका लागि आकर्षित गर्न सम्बन्धित देशहरुसँग AudioVisual Co-Production Agreements सम्बन्धी आवश्यक अध्ययन गरी सुझाव सहितको प्रतिवेदन बोर्डमा पेश गर्ने ।

(ड) चलचित्र सम्बन्धी विषयमा अध्ययनका लागि विदेशस्थित विश्वविद्यालय तथा शिक्षण संस्थाहरुसँग सम्वन्य गरी अध्ययन गर्न चलचित्रकर्मीहरुलाई प्रोत्साहन तथा सहयोग गर्ने ।

(ढ) अनुसूची-१ बमोजिमका अन्तर्राष्ट्रियस्तरका चलचित्र विकास कार्यशालामा छनौट भएका चलचित्रहरुको सहभागिताका लागि प्रोत्साहन तथा सहयोगका लागि बोर्डमा सिफारिस गर्ने । साथै उक्त अन्तर्राष्ट्रिय कार्यशालाहरुसँग समन्वय तथा सहकार्य गरी नेपालमा पनि त्यस किसिमका कार्यशाला, तालीम सञ्चालनका गर्नका लागि बोर्डमा सिफारिस गर्ने ।

(ण) स्वदेशी चलचित्रको विदेशमा प्रदर्शन गर्न लैजादा सम्बन्धित मुलुकमा चलचित्र जाँच वा प्रमाणिकरण सम्बन्धी कार्यमा आवश्यक समन्वय,सहयोग र सहजीकरणका लागि बोर्ड समक्ष सिफारिश गर्ने ।

(त) नेपाल र विदेशमा एकैसाथ चलचित्र रिलिज गर्ने वातावरण तयार गर्न आवश्यक अध्ययन अनुसन्धान गरी बोर्डमा सिफारिस गर्ने ।

(थ) अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरुमा नेपाल Retrospective गर्न विशेष पहल गर्न बोर्डमा सिफारिस गर्ने ।

(द) नेपालमा बढी मात्रामा विदेशी चलचित्र छायाङ्कनका लागि आकर्षित गर्न कर छुट लगायतका अन्य सुविधा/सहुलियत सम्बन्धी अध्ययन गरी बोर्डमा सिफारिस गर्ने ।

(ध) स्वदेशी चलचित्र तथा नेपाललाई अन्तर्राष्ट्रिय रुपमा प्रवर्द्धन हुने खालका अन्य कार्यहरुको पहिचान गरी बोर्डमा सिफारिस गर्ने ।

(न) अन्तर्राष्ट्रियस्तरमा आयोजना हुने नेपाली चलचित्र सम्बन्धी प्रवर्द्धनात्मक कार्यहरुको बोर्डमा सिफारिश गर्ने ।

(प) बोर्डले तोकेका अन्य कार्यहरु गर्ने ।

९. **गैरव्यवसायिक प्रदर्शनमा सहभागिताका लागि चलचित्र छनौट सम्बन्धी व्यवस्थाः** बोर्डले अन्तर्राष्ट्रिय चलचित्र महोत्सव वा अवार्ड कार्यक्रमहरुमा विधागत चलचित्र सहभागिताका लागि आयोजकबाट माग गरेको अवस्थामा देहाय बमोजिमका आधारहरु अवलम्बन गरी छनौट गर्न सक्नेछ :-

(क) बोर्डबाट राष्ट्रिय चलचित्र पुरस्कार तथा विशेष चलचित्र विधामा पुरस्कृत भएका चलचित्रहरु,

(ख) बोर्डको स्टोरी बैंक (कथा संग्रहालय) अन्तर्गत छनौट भएका पटकथामा निर्माण भएका चलचित्रहरु,

(ग) द एकेडेमी अवार्ड (ओस्कार) का लागि नेपालबाट मनोनयन भएका चलचित्रहरु,

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरुमा मनोनयन तथा पुरस्कृत भएका चलचित्रहरु,

(ङ) बोर्डले तोकेका अन्य आधारहरु ।

१०. **आवदेन दिनुपर्नेः (१)** स्वदेशी चलचित्रको अन्तर्राष्ट्रिय प्रवर्द्धनमा प्रोत्साहन स्वरुप सहयोग प्राप्त गर्नका लागि चलचित्र निर्माता वा निर्देशकले देहाय बमोजिमका कागजातहरु संलग्न गरी अनुसूची-२ बमोजिमको ढाँचामा बोर्डमा आवेदन दिनुपर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपाली राहदानीको प्रतिलिपि,

(ग) चलचित्र निर्माण गर्न दिइने इजाजतपत्रको प्रतिलिपि,

(घ) चलचित्र जाँच प्रमाणपत्रको प्रतिलिपि,

(ङ) सम्बन्धित महोत्व/अवार्ड कार्यक्रममा छनौट भई प्राप्त निमन्त्रणा पत्रको प्रतिलिपि ।

(च) बोर्डले समय-समयमा तोकेका अन्य कागजातहरू ।

(२) अनुसूची-१ को प्रकरण (ख) मा उल्लेखित चलचित्र विकास कार्यशाला वा कार्यक्रममा छनौट भई सहभागी हुने चलचित्रकर्मीहरुले प्रोत्साहन स्वरुप सहयोग प्राप्त गर्नका लागि देहाय बमोजिमका कागजातहरु संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा बोर्डमा आवेदन दिनुपर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपाली राहदानीको प्रमाणपत्रको प्रतिलिपि,

(ग) चलचित्र निर्माण इजाजतपत्रको प्रतिलिपि,

(घ) सम्बन्धित कार्यशाला, गोष्ठी वा कार्यक्रममा छनौट भई प्राप्त निमन्त्रणा पत्रको प्रतिलिपि,

(ङ) चलचित्रको Logline, कथासार (Synopsis), Treatment, Director's Statement, Producer's Statement, Director's Bio and Filmography, Producer's Bio and Filmography, Project Schedule, Financing Plan आदि,

(च) बोर्डले समय-समयमा तोकेका अन्य कागजातहरू ।

**११. प्रोत्साहन स्वरुप सहयोगका शर्तहरु:** (१) अन्तर्राष्ट्रियस्तरमा स्वदेशी चलचित्रको विकास, विस्तार र प्रवर्द्धनका लागि छनौट भएका चलचित्र तथा चलचित्रकर्मीहरुलाई देहायका शर्तहरु बमोजिम बोर्डले प्रोत्साहन स्वरुप सहयोग गर्न सक्नेछ :

(क) छनौट भएको सम्बन्धित चलचित्रको प्रारम्भमा चलचित्रको नाम (शीर्षक) आउनुभन्दा अगाडि "नेपाल सरकार, चलचित्र विकास बोर्डबाट सहयोग प्राप्त (SUPPORTED BY THE FILM DEVELOPMENT BOARD, GOVERNMENT OF NEPAL)" भन्ने उल्लेख गर्नुपर्नेछ,

(ख) सहभागीले कार्यक्रममा सहभागिता पश्चात् १५ (पन्ध्र) दिनभित्र हवाईटिकट, भिसाको प्रतिलिपि, बोर्डिङ्ग पास तथा कार्यक्रममा सहभागी भएको तस्बीर सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ,

(ग) महोत्सवका लागि तयार गरिने चलचित्रको ट्रेलर, पोस्टर, डिजिटल प्रवर्द्धनात्मक सामाग्रीहरु आदिमा बोर्डको नाम तथा लोगो समावेश गर्नुपर्नेछ । उक्त सामाग्रीहरुको एकप्रति पेनड्राइभ वा हार्डडिस्कमा राखी बोर्डलाई निशर्त उपलब्ध गराउनु पर्नेछ ।

(घ) बोर्डले एक आर्थिक वर्षमा एउटा चलचित्रलाई एकपटकका लागि मात्र प्रोत्साहन स्वरुप सहयोग गर्नेछ ।

(ङ) चलचित्र विकास कार्यशालाको हकमा बोर्डले एक आर्थिक वर्षमा प्रति कार्यक्रममा बढीमा ३ (तीन) जनासम्मलाई प्रोत्साहन स्वरुप सहयोग गर्नेछ ।

(२) यस कार्यविधि बमोजिम सहयोग लिने व्यक्ति वा संस्थाले देहाय बमोजिम कबुलियत गरी बोर्ड समक्ष बुझाउनु पर्नेछ :-

(क) कार्यक्रममा सहभागी भई प्राप्त गरेको ज्ञान, शीप र अनुभवलाई कम्तीमा दुई वर्षसम्म चलचित्र विकास बोर्डबाट आयोजना गरिने चलचित्र महोत्सव, गोष्ठी, कार्यशाला वा विविध गतिविधिहरुमा सहभागिता जनाई बोर्डलाई निशर्त आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ ।

(ख) बोर्डबाट सहयोग प्राप्त गरेका व्यक्ति वा संस्थाहरुले आफ्नो विज्ञताको आधारमा बोर्डले अघि सारेका जुनसुकै क्रियाकलापलाई प्राथमिकता दिनुपर्नेछ ।

(३) कुनै व्यक्ति वा संस्थाले झुट्टा विवरण पेश गरी आवेदन दिएको पाईएमा निजलाई भविष्यमा समेत बोर्डबाट प्रदान गरिने सहयोगका लागि आवेदन दिन अयोग्य हुने गरी सूचीकृत गरिनेछ ।

**१२. भुक्तानीको प्रक्रिया:** (१) दफा ९ बमोजिम कार्यक्रममा सहभागी हुन आवेदन दिई छनौट भएका चलचित्र वा चलचित्रकर्मीहरुलाई अनुसूची-१ बमोजिमको सहयोग रकम उपलब्ध गराउँदा देहाय बमोजिमका कागजातहरुका आधारमा बोर्डले सहयोग रकम उपलब्ध गराउन सक्नेछ :-

(क) भुक्तानीका लागि आवेदन,

(ख) निमन्त्रणा पत्रको प्रतिलिपि,

(ग) हवाई टिकट र सोको बील,

(घ) भिसाको प्रतिलिपि ।

(२) प्रोत्साहनस्वरुप सहयोग बापतको बाँकी रकम उपलब्ध गराउँदा दफा ११ को उपदफा (१) बमोजिमका प्रक्रियाहरु पूरा भएपछि बोर्डले भुक्तानी उपलब्ध गराउन सक्नेछ ।

**१३. छायाङ्कनका लागि नेपाल कार्यक्रम प्रवर्द्धन सम्बन्धी व्यवस्था:** नेपाललाई आकर्षक चलचित्र छायाङ्कन केन्द्रको रुपमा विकास गर्न बोर्डले देहाय बमोजिम प्रवर्द्धन गर्न सक्नेछ:

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा लोकेशन एक्स्पो, फिल्म एक्सपो, अन्तर्राष्ट्रिय चलचित्र महोत्सव, फिल्म मार्केट आदिमा स्टल बुकिङ्ग गरी नेपाली व्यवसायीहरुलाई समेत सहभागी गराई प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(ख) लोकेशन पोर्टल तथा सामाजिक सञ्जालहरुको प्रयोग गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(ग) स्वदेशस्थित कुटनैतिक नियोग तथा विदेशस्थित नेपाली दूताबास, नियोग, गैर आवासीय नेपाली संघ, नेपाली समुदाय, चलचित्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ, संस्था आदिसँग समन्वय गरी छायाङ्कनस्थल प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

(घ) लोकेशन गाइड, बुकलेट, ब्रोसर, श्रव्यदृश्य सामाग्री लगायतका अन्य प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

(ङ) बोर्डले उपयुक्त ठानेका अन्य प्रवर्द्धनात्मक कार्यहरु गर्न सक्नेछ ।

**१४. निर्देशन तथा सुझाव पालना गर्नुपर्नेः-** बोर्डले समितिलाई आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ । यसरी दिएको निर्देशन तथा सुझावको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१५. कार्यविधिको व्याख्या र संशोधनः-** (१) यस कार्यविधिको व्याख्या गर्ने अधिकार बोर्डमा निहित रहने छ ।

(२) यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा बोर्डले गर्न सक्नेछ ।

**१६. खारेजी र बचाउः-** (१) अन्तर्राष्ट्रिय सम्बन्ध तथा बजार विस्तार कार्यविधि, २०६८ खारेज गरिएको छ ।

(२) अन्तर्राष्ट्रिय सम्बन्ध तथा बजार विस्तार कार्यविधि,२०६८ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची – १
## (दफा ८ सँग सम्बन्धित)

**गैरव्यावसायिक प्रदर्शन सम्बन्धी कार्यक्रम (चलचित्र महोत्सव तथा अवार्ड कार्यक्रम) तथा चलचित्र विकास कार्यशालामा स्वदेशी चलचित्र वा चलचित्रकर्मीको मनोनयन वा सहभागिता भएको अवस्थामा प्रोत्साहन तथा सहयोग सम्बन्धी विवरण**

**क. चलचित्र महोत्सव तथा अवार्ड कार्यक्रमहरुको सूची:**

| S. N. | International Film Festivals / Awards | Travel Grant Value (NRs) | Travel Grant Value (NRs) |
|---|---|---|---|
| **1.** | **Film Festivals** | **Shorts** | **Features** |
| a. | Festival de Cannes, France – May | **100,000** | **250,000** |
| b. | Berlin International FilmFestival, Germany - February | **100,000** | **250,000** |
| c. | Venice International Film Festival, Italy – September | **100,000** | **250,000** |
| d. | Locarno International Film Festival, Switzerland - August | **100,000** | **250,000** |
| e. | Toronto International Film Festival, Canada - September | **100,000** | **250,000** |
| f. | Sundance Film Festival, USA – January | **100,000** | **250,000** |
| g. | International Film Festival Rotterdam, The Netherlands - January | **100,000** | **250,000** |
| h. | International Documentary Film Festival, Amsterdam (IDFA) – November | **75,000** | **150,000** |
| i. | Clermont-Ferrand International Short Film Festival, France – January | **75,000** | **-** |
| j. | International Short Film Festival Oberhausen, Germany - May | **75,000** | **-** |
| k. | Busan International Film Festival, South Korea - October | 75,000 | 150,000 |
| l. | Tokyo International Film Festival, Japan – October | 75,000 | 150,000 |
| m. | HongKong International Film Festival, Hong Kong (HK) | 75,000 | 150,000 |
| n. | SXSW Film Festival, Texas, USA | 75,000 | 150,000 |
| o. | BFI London Film Festival, United Kingdom | 75,000 | 150,000 |
| p. | International Documentary Film Festival, Amsterdam (IDFA)-November | 50,000 | 100,000 |
| q. | Hot Docs Canadian International Documentary Festival, Toronto, Canada | 50,000 | 100,000 |
| r. | Cinéma du Réel, Paris, France | 50,000 | 100,000 |
| s. | Sheffield Doc/Fest, Sheffield, United Kingdom | 50,000 | 100,000 |
| t. | Visions du Réel, Festival International de Cinéma, Nyon, Switzerland | 50,000 | 100,000 |
| u. | CPH:DOX, Copenhagen International Documentary Film Festival, Denmark | 50,000 | 100,000 |
| v. | SAARC Film Festival, SAARC Countries | 50,000 | 75,000 |
| w. | International Film Festival of India (IFFI) | 50,000 | 75,000 |
| x. | Other Film Festivals approved by Film Development Board | 50,000 | 75,000 |

**ख. चलचित्र विकास कार्यशाला तथा सह-लगानी सम्बन्धी कार्यक्रमहरुको सूची:**

| S. N. | Script Development / Project Market Labs | Travel Grant Value (NRs) | Accomodation / Networking / Participation Fee Grant Value (NRs) |
|---|---|---|---|
| a. | Torino Film Lab (ScriptLab, FeatureLab), Italy | 300,000 | 200,000 |
| b. | EAVE (European Audiovisual Entrepreneurs) Producers Workshop, Luxembourg | 300,000 | 200,000 |
| c. | The Sam Spiegel International Film Lab, Jerusalem, Israel | 300,000 | 50,000 |
| d. | LIM (Less is More) The European Development Programme for limited Budget Feature Films, France | 300,000 | 100,000 |
| e. | Biennale College Cinema, La Biennale di Venezia, Italy | 150,000 | 100,000 |
| f. | Torino Film Lab (TFL Extended), Italy | - | 100,000 |

| S. N. | Script Development / Project Market Labs | Travel Grant Value (NRs) | Accomodation / Networking / Participation Fee Grant Value (NRs) |
|---|---|---|---|
| g. | Rotterdam Lab, International Film Festival Rotterdam (IFFR), The Netherlands | 100,000 | 50,000 |
| h. | AFiS Workshop, Busan Asian Film School (AFiS), Specializing in the International Film Business, South Korea | - | 50,000 |
| i. | Sundance Institute, Screenwriters Lab/Feature Lab, USA | - | 50,000 |
| j. | Berlinale Talent Campus, Germany | 50,000 | - |
| k. | Platform BUSAN, South Korea | 50,000 | - |
| l. | Cinéfondation - L'Atelier / The Résidence du Festival, Festival De Cannes, France | 75,000 | 25,000 |
| m. | Berlinale Co-Production Market, Germany – February | 75,000 | 25,000 |
| n. | MIA, Film Co-Production Market & Pitching Forum, Italy | 75,000 | 25,000 |
| o. | CineMart – Rotterdam, The Netherlands | 75,000 | 25,000 |
| p. | Hong Kong - Asia Film Financing Forum (HAF) , Work-in-Progress Programme (WIP), Hong Kong | 50,000 | 25,000 |
| q. | Film Bazaar – Co-Production Market / Viewing Room and/or Work-in-Progress Lab, Goa, India | 50,000 | 25,000 |

**ग. अवार्ड कार्यक्रम :**

| S.N. | Film Awards | Official Selection & Screenings | Nominee and/or Winner |
|---|---|---|---|
| a. | Academy Awards (The Oscars), USA – International Feature or Main Competition | **200,000** | **800,000** |
| b. | Golden Globe Awards, USA - Foreign-Language Motion Picture Release | **100,000** | **200,000** |
| c. | Asia Pacific Screen Awards, Brisbane, Australia | **100,000** | **150,000** |
| d. | Asian Film Awards | **-** | **150,000** |

**अनुसूची - २**
**(दफा ९ सँग सम्बन्धित)**

# अन्तर्राष्ट्रिय चलचित्र महोत्सव/अवार्ड कार्यक्रममा सहभागिताका लागि प्रोत्साहन स्वरुप सहयोग प्राप्त गर्न दिइने आवेदन फाराम

**रु. १०।- को हुलाक टिकट**

**श्री चलचित्र विकास बोर्ड**
चावहिल, काठमाडौं ।

अन्तर्राष्ट्रिय चलचित्र महोत्सव/अवार्ड कार्यक्रममा सहभागिताका लागि प्रोत्साहन स्वरुप सहयोग प्राप्त गर्न देहायका विवरणहरु खुलाई दरखास्त गरेको छु/छौं ।

**१. चलचित्रको विवरणः**
**(क) चलचित्रको नाम :** ............................... **(ख) निर्माण इजाजतपत्र लिएको मितिः** .....................
**(ग) चलचित्रको जाँच गरेको मितिः** .......................... **(घ) चलचित्रको लम्बाई /समयावधिः**......................

**२. निर्माताको नामः**
**३. निर्देशकको नामः**
**४. मुख्य कलाकारहरुको नाम :**
**५. निर्माण संस्थाको नाम र ठेगाना :**
**६. सम्पर्क नम्बर र ई-मेल ठेगाना :**
**७. चलचित्रको किसिम :** वृत्तचित्र / लघु चलचित्र/कथानक चलचित्र
**८. चलचित्रको एक अनुच्छेद कथा (Synosis) :**
**९. चलचित्र निर्माण लागत :**
**१०. चलचित्रको पहिलो प्रदर्शनी भए सोको विवरण** :
**११. चलचित्रले कुनै पुरस्कार वा सहयोग प्राप्त गरेको भए सोको विवरण** :
**१२. छनौट भएको महोत्सव सम्बन्धी विवरणः**
**१३. कबुलियतनामाः नेपाली चलचित्रको अन्तर्राष्ट्रिय प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ को दफा ११ मा उल्लिखित शर्तहरुको पालना गर्न मञ्जुर भई कबुलियत गर्दछु ।**

आवेदकको,
नाम थरः
दस्तखतः...................................
मितिः.............................
कम्पनी वा संस्थाको छापः

**<u>दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरू :</u>**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
२. सहभागी प्रतिनिधिको नेपाली राहदानीको प्रतिलिपि ।
३. चलचित्र निर्माण गर्न दिईने इजाजतपत्रको प्रतिलिपि ।
४. चलचित्र जाँच प्रमाण पत्रको प्रतिलिपि ।
५. कम्पनी वा संस्था भए दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
६. कम्पनी वा संस्था भए अघिल्लो आ.व. सम्मको कम्पनी अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि ।
७. कम्पनी वा संस्था भए अघिल्लो आ.व. सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
८. सम्बन्धित महोत्व/अवार्ड कार्यक्रमबाट प्राप्त निमन्त्रणा पत्रको प्रतिलिपि ।
९. चलचित्रको कथासार ।

**अनुसूची - ३**
**(दफा ९ सँग सम्बन्धित)**

# अन्तर्राष्ट्रिय चलचित्र विकास कार्यशाला कार्यक्रममा सहभागिताका लागि प्रोत्साहन स्वरुप सहयोग प्राप्त गर्न दिइने आवेदन फाराम

**रु. १०।- को हुलाक टिकट**

**श्री चलचित्र विकास बोर्ड**
चावहिल, काठमाडौं ।

अन्तर्राष्ट्रिय चलचित्र विकास कार्यशालामा कार्यक्रममा सहभागिताका लागि प्रोत्साहन स्वरुप सहयोग प्राप्त गर्न देहायका विवरणहरु खुलाई दरखास्त गरेको छु/छौं ।

**१. चलचित्रको विवरणः**
(क) चलचित्रको नाम : ....................................
(ख) निर्माण इजाजतपत्र लिएको मितिः ................................
**२. निर्माताको नामः**
**३. निर्देशकको नामः**
**४. निर्माण संस्थाको नाम र ठेगाना :**
**५. सम्पर्क नम्बर र ई-मेल ठेगाना :**
**६. चलचित्रको किसिम :** वृत्तचित्र / लघु चलचित्र / कथानक चलचित्र
**७. चलचित्रको एक अनुच्छेद कथा (Synosis) :**
**८. चलचित्र निर्माण लागत :**
**९. चलचित्रले कुनै सहयोग प्राप्त गरेको भए सोको विवरण** :
**१०. छनौट भएको चलचित्रको विकास कार्यशाला सम्बन्धी विवरणः**
**११. कबुलियतनामाः नेपाली चलचित्रको अन्तर्राष्ट्रिय प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ को दफा ११ मा उल्लिखित शर्तहरुको पालना गर्न मञ्जुर भई कबुलियत गर्दछु ।**

आवेदकको,
नाम थरः
दस्तखतः..................................
मितिः.............................
कम्पनी वा संस्थाको छापः

**<u>दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरू :</u>**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
२. नेपाली राहदानीको प्रतिलिपि ।
३. चलचित्र निर्माण गर्न दिईने इजाजतपत्रको प्रतिलिपि ।
४. कम्पनी वा संस्था दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. कम्पनी वा संस्थाको अघिल्लो आ.व. सम्मको कम्पनी अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि ।
६. कम्पनी वा संस्थाको अघिल्लो आ.व. सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
७. सम्बन्धित कार्यशाला, गोष्ठी वा कार्यक्रमबाट प्राप्त निमन्त्रणा पत्रको प्रतिलिपि,
८. चलचित्रको Logline, कथासार (Synopsis), Treatment, Director's Statement, Producer's Statement, Director's Bio and Filmography, Producer's Bio and Filmography, Project Schedule, Financing Plan आदि ।